२०५१।५२

# श्री ५ महाराजाधिराजबाट

## संसदको सातौं अधिवेशनको दुवै सदनको संयुक्त बैठकलाई बक्सेको शाही सम्बोधन

सम्वत् २०५१ साल आषाढ १७ गते रोज ६

# श्री ५ महाराजाधिराजबाट

## संसदको सातौं अधिवेशनको दुवै सदनको संयुक्त बैठकलाई बक्सेको शाही सम्बोधन

राष्ट्रिय सभाका अध्यक्ष,
प्रतिनिधि सभाका उप-सभामुख
तथा सांसदहरु ।

१. आज संसदको सातौं अधिवेशनलाई सम्बोधन गर्न पाउँदा हामीलाई खुशी लागेको छ । विगत तीन वर्ष यता मेरो सरकारले मुलुकमा बहुदलीय प्रजातन्त्रको संस्थागत अभ्यास र उदार अर्थव्यवस्थाभित्र आर्थिक विकासका सुदृढ आधारशिला निर्माण गर्नेतर्फ महत्वपूर्ण कामहरु गरेको छ । मुलुकका सबै राजनैतिक दलहरु, संस्था र व्यक्तिहरु संसदीय परम्परा र मर्यादा अनुकूल राष्ट्र निर्माणका लागि आफ्ना दृष्टिकोण र धारणाहरूसहित एक अर्कासंग शान्तिपूर्ण र प्रजातान्त्रिक अन्तरक्रियामा अभ्यस्त हुँदैछन् । शान्ति, प्रजातन्त्र, मानव अधिकार तथा सामाजिक न्यायका क्षेत्रमा मेरो सरकारले

विगत तीन वर्षमा हासिल गर्न सकेका मूर्त उपलब्धिहरूसंगै संसदीय प्रजातन्त्र मुलुकमा सुदृढ हुँदै गएको छ ।

२. मेरो सरकारले आगामी आर्थिक वर्षमा आम जनताको आर्थिक स्तरमा सुधार गर्ने उद्देश्यले लागु गरिएको आठौं योजनाको मध्यावधि मूल्याङ्कन गरी योजनामा थप सुधारका आधारहरू तयार गर्नेछ । यसका साथै विकास आयोजनाको अनुगमन तथा मूल्याङ्कन कार्यलाई तथा आयोजना कार्यान्वयनमा हुने ढिलाइ हटाउ‑ संस्थागत प्रयासलाई अझ बढी सुदृढ बनाइनेछ ।

३. उत्साहवर्धक आर्थिक वृद्धि दर, निर्यात प्रवर्द्धन, आपूर्ति र मूल्य स्थितिमा क्रमिक सुधार, राजस्व परिचालनमा सुधार, विदेशी मुद्राको संचितिमा भरपर्दो वृद्धि र बजेट घाटामा नियन्त्रण जस्ता अर्थतन्त्रमा हासिल भएका उपलब्धिलाई सुदृढ पार्दै मेरो सरकारले नीतिगत सुधारको क्रमलाई आगामी आर्थिक वर्षमा अरु अघि बढाउदै लैजानेछ । मूल्य अभिवृद्धि कर लागु गर्ने क्रममा मेरो सरकारले प्रारम्भिक कार्यहरु पूरा गर्नेछ । कर प्रणालीलाई सरल र पारदर्शी तुल्याउनेतर्फ थप कदम चालिनेछ । निम्न आय भएका ग्रामीण जनताको आय वृद्धि गर्न संचालित कर्जा कार्यक्रमहरूलाई विस्तार गरिनेछ । नेपाली मुद्रालाई पूँजी खातामा पनि पूर्ण परिव बनाउनेतर्फ प्रारम्भिक कार्यहरु गरिनेछन् । धितोपत्र कारोबारलाई सक्षम तुल्याई पूँजी बजारको विकासमा विशेष जोड दिइनुका साथै वित्तीय क्षेत्रमा प्रतिस्पर्धा, ब्याजदर निर्धारणमा स्वतन्त्रता जस्ता सुधारका प्रयासहरु जारी रहनेछन् ।

४. मेरो सरकारले दिगो औद्योगिक विकासका लागि पूर्वाधारहरू एवं



प्राविधिक ज्ञानको विस्तारसंगै वातावरण प्रभाव मूल्याङ्कन निर्देशिका लागु गरी प्रदूषण नियन्त्रण गर्नेतर्फ उत्प्रेरित गर्नेछ । निर्यात प्रवर्द्धन, आयात प्रतिस्थापन, स्वदेशी स्रोत र साधनहरुको उपयोग तथा रोजगारी र परम्परागत वस्तुको उत्पादनमा वृद्धि गर्ने निजी क्षेत्रका उद्यमीहरुलाई थप प्रोत्साहन दिइनेछ । एकद्वार प्रणालीलाई सक्षम र प्रभावकारी बनाउदै लगिनेछ ।

मेरो सरकारले खुला एवं उदार वाणिज्य नीतिलाई अझ सुदृढ गर्दै श्रममूलक उद्योगहरुबाट गुणस्तरका वस्तुहरु उत्पादन गराई निकासीको आधार विस्तृत पार्न प्रोत्साहित गर्नेछ । निकासीयोग्य वस्तुहरुका लागि बजारको खोजी गरी व्यापार विविधीकरणतर्फ जोड दिइनेछ । मेरो सरकारले पारवहन व्यवस्थालाई व्यवस्थित एवं कम खर्चिलो तुल्याउने तथा सार्क मुलुकहरुसंग नेपालको पारस्परिक व्यापार अभिवृद्धि गर्ने प्रयास जारी राख्नेछ ।

६. अत्यावश्यक वस्तुहरुको आपूर्ति व्यवस्थामा क्रमशः निजी क्षेत्रको सहभागितालाई प्रोत्साहित गर्ने नीतिलाई मेरो सरकारले अघि बढाउनेछ । तर वस्तुहरुको कृत्रिम अभाव र मूल्य वृद्धि गरी अवान्छित रुपमा नाफा कमाउने तथा संचय गर्ने प्रवृत्तिलाई मेरो सरकारले निरुत्साहित गर्नेछ ।

७. मेरो सरकारले निर्माणाधीन राजमार्गका बाँकी खण्डहरु एवं जिल्ला सदरमुकाम जोड्ने सडकहरुको निर्माण कार्य क्रमशः पूरा गर्दै जाने, बनिसकेका सडकहरुको मरम्मत संभार गर्ने तथा जलविद्युत आयोजना एवं उद्योग संचालनको पूर्वाधारका रुपमा रहेका सडकहरू निर्माण गर्ने नीति चालु राख्नेछ ।

मेरो सरकारले वातावरण हितकारी कम लागतका सडकहरु एवं ग्रामीण यातायातको मुख्य मार्गमा पर्ने पुल-पुलेसाहरु चरणबद्ध रुपमा निर्माण गर्दै जानेछ। सवारी साधनबाट उत्पन्न हुने प्रदूषण कम गर्न मेरो सरकारले ठोस कार्यक्रमको संचालन गर्नेछ। व्यापार र पर्यटन प्रवर्द्धनका लागि काठमाडौं-ल्हासा तथा काठमाडौं-नयाँ दिल्लीबीच सवारी संचालन गर्न कारवाई गरिनेछ।

८. मेरो सरकारले जलविद्युत् आयोजनाहरुमा निजी लगानीकर्ताहरुलाई आकर्षित गर्नुका साथै स्थानीय स्तरमा स-साना जलविद्युत् केन्द्र स्थापना गरी ग्रामीण विद्युतीकरणलाई प्रोत्साहित गर्नेछ। दीर्घकालीन विद्युत् आपूर्ति एवं जलस्रोतको बहुमुखी उपयोगका लागि मझौला र ठूला आयोजनाहरुको कार्यान्वयन गर्न द्विपक्षीय तथा वहुपक्षीय सहयोग जुटाउने प्रयास जारी राखिनेछ।

सिंचाई आयोजनाहरूमा कृषक समुदायको सहभागितामा वृद्धि गर्दै साना तथा मझौला सिंचाई आयोजनाहरु संचालन गर्ने कार्यक्रम चालु राखिनेछ। मेरो सरकारले बाढी तथा नदी कटान समस्यालाई जनसहभागिताका आधारमा नियन्त्रण गर्ने कार्य जारी राख्नेछ।

९. भौतिक पूर्वाधारहरुको विकास र सुदृढीकरण गर्दै पर्यटन उद्योगको विकास र विस्तारमा निजी क्षेत्रलाई सक्रिय रुपमा परिचालन गरिनेछ। आन्तरिक हवाई यातायातमा निजी क्षेत्रको भूमिकामा देखिएको उल्लेखनीय वृद्धिलाई दृष्टिगत गरी हवाई सेवालाई अरु भरपर्दो र व्यवस्थित गरिनेछ। देशको उपयुक्त क्षेत्रमा अर्को अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्नेतर्फ संभाव्यता अध्ययन गराइनेछ। समयानुकूल उडान सुविधाको विकास गर्न भू-उपग्रहमा



आधारित संचार, सूचना तथा आधुनिक हवाई यातायात व्यवस्थापन विकसित गरिनेछ।

१०. मेरो सरकारले खेती प्रणाली, बाली विविधीकरण, तुलनात्मक लाभ तथा स्थान-विशेषका कृषकहरूको साधन तथा सहभागिता समेतका आधारमा कृषि क्षेत्रका आयोजनाहरू तर्जुमा गरी कार्यान्वयन गर्नेछ।

साथै निजी क्षेत्र वा किसान उद्यमीहरूद्वारा स्थानीय स्रोत केन्द्रहरूलाई संचालन गराउन प्रोत्साहित गरिनेछ। कृषि सामग्रीको आपूर्ति व्यवस्थामा निजी क्षेत्र तथा सहकारी संस्थाको सहभागिता बढाउदै लैजाने क्रम जारी राखिनेछ।

११. मेरो सरकारले एकीकृत भू-सूचना प्रणालीद्वारा जग्गाको अभिलेख राख्ने कार्य चालू राखी अधिराज्यका बांकी जिल्लाहरुमा नापीको कार्य दुई वर्षभित्र सम्पन्न गर्नेछ। जग्गाधनी तथा मोहीबीच सामन्जस्य कायम गरी भूमिमा रहेको द्वैध स्वामित्व अन्त्य गर्ने ठोस प्रयास आगामी वर्ष शुरु गरिनेछ।

१२. मेरो सरकारले जनसहभागिता जुटाई सामुदायिक वन कार्यक्रमलाई विस्तार गर्दै वन पैदावारको आपूर्ति व्यवस्थालाई अरु सरल तथा सुलभ बनाउनेछ। भू-उत्पादकत्वमा वृद्धि गर्ने, विकासका पूर्वाधारहरूको संरक्षण गर्ने, वन फँडानी तथा भूक्षय नियन्त्रण गर्ने जस्ता कार्यहरू प्रभावकारी रुपमा संचालन गरिनेछन्।

यसका साथै अधिराज्यका वनस्पति र जडीबूटी सम्पदाको वृद्धि,

संकलन र संरक्षण पद्धतिलाई अझ परिमार्जित गरिनेछ ।

१३. मेरो सरकारले कम खर्चिलो प्रविधि अपनाई उपभोक्ता समितिको संलग्नतामा ग्रामीण क्षेत्रमा खानेपानी सुविधा विस्तार गर्ने कार्यक्रम चालू राख्नेछ । शहरी क्षेत्र र काठमाडौं उपत्यकामा खानेपानीको आपूर्ति बढाउने एवं पानीको चुहावट र प्रदूषण नियन्त्रण गर्ने कार्यक्रमहरु जारी रहनेछन् ।

शहरीकरणको प्रक्रियालाई व्यवस्थित गर्न आवास क्षेत्रहरुको विकास योजना तर्जुमा गर्दै वित्तीय व्यवस्थाका लागि नगर विकास कोष समितिलाई शहरी विकास बैंकको रुपमा संचालन गर्नेतर्फ तयारी गरिनेछ । बिग्रँदो शहरी वातावरणमा सुधार गर्ने कार्यक्रमहरु कार्यान्वयन गरिनेछन् तथा सुरक्षित भवन निर्माणका लागि निर्माण संहितालाई प्रभावकारी रुपमा लागु गरिनेछ ।

मेरो सरकारले राष्ट्रिय आवास नीति जनसमक्ष ल्याउनेछ । ग्रामीण क्षेत्रमा उचित मूल्यका घडेरीहरु उपलब्ध गराउने तथा वास्तविक सुकुम्बासीहरूलाई व्यवस्थित रुपमा बसोबास गराउने कार्य जारी राखिनेछ ।

१४. मेरो सरकारले स्थानीय निकायहरुको क्षमता वृद्धि गर्दै केन्द्रीय निकायहरुबाट संचालित जिल्लास्तरीय विकास कार्यक्रमहरु क्रमश: स्थानीय निकायहरू मार्फत संचालन गराउने नीति लिनेछ । गैरसरकारी संस्थाहरूको संलग्नतामा प्रभावकारी रुपमा महिला विकास कार्यक्रम संचालन गरिनेछ । दुर्गम क्षेत्रका जनताका लागि संचालित कार्यक्रममा पनि थप प्रभावकारिता ल्याउन जनसहभागिता



जुटाउनेतर्फ जोड दिइनेछ ।

१५. मेरो सरकारले प्राथमिक शिक्षाको अवसर सबै बालबालिकाहरूलाई प्रदान गर्ने तथा शैक्षिक गुणस्तर वृद्धि गर्ने कार्यक्रमलाई व्यापक रुपमा संचालन गर्नेछ। छात्राहरूलाई छात्रवृत्ति दिने र सबै प्राथमिक विद्यालयमा न्यूनतम रुपमा एक शिक्षिका उपलब्ध गराउने वर्तमान नीति चालु रहनेछ । गैरसरकारी संस्था र निजी क्षेत्र समेतको सहयोगमा साक्षरता कार्यक्रमको विस्तार गरिनेछ ।

विद्यालयस्तरको पाठ्यक्रम, पाठ्यपुस्तक तथा परीक्षा प्रणालीमा सुधार गर्ने एवं उच्च माध्यमिक शिक्षाको विस्तार गर्ने क्रम चालू राखिनेछ । मध्यम तथा निम्नस्तरको सीपमूलक जनशक्तिको उत्पादनका लागि थप प्राविधिक शिक्षालयको स्थापना गरिनेछ । गैर-सरकारी निकायहरू एवं जनसहभागितालाई समेत प्रोत्साहित गरी अपाङ्ग एवं असहायहरूका लागि कल्याणकारी कार्यक्रमहरू संचालन गरिनेछन् ।

त्रिभुवन विश्वविद्यालयको व्यवस्थापन सुदृढीकरण, उच्च शिक्षाको पाठ्यक्रम सुधार एवं भौतिक सुविधाको विकासको लागि कार्यक्रमहरू संचालन गरिनेछन् । उच्च शिक्षाका अवसरहरू सबै क्षेत्रमा पुऱ्याउने क्रममा आगामी आर्थिक वर्षमा पूर्वान्चल विश्व विद्यालयको स्थापना गरिनेछ ।

देशको कला, संस्कृति, ऐतिहासिक स्थल, प्राचीन मन्दिर र स्मारकहरुको संरक्षण तथा संवर्द्धन गर्ने कार्य चालु रहनेछ ।

१६. ग्रामीण क्षेत्रका बढीभन्दा बढी जनतालाई स्वास्थ्य सेवा पुऱ्याउने

उद्देश्य अनुरुप प्राथमिक स्वास्थ्य सेवा र चिकित्सा सुविधाहरू ग्रामीण तहसम्म पुऱ्याउदै लैजाने कार्यक्रम आगामी वर्ष पनि संचालन गरिनेछन्। मेरो सरकारले जनसंख्या नियन्त्रण कार्यक्रमलाई अझ प्रभावकारी बनाउनेछ ।

आयुर्वेदिक स्वास्थ्य सेवाको विकास र विस्तार गर्दै सिंहदरबार वैद्यखानालाई स्वायत्तता प्रदान गरी व्यावसायिकीकरण गरिनेछ ।

१७. मेरो सरकारले स्वस्थ, स्वच्छ एवं मर्यादित पत्रकारिताको संस्थागत विकास गर्ने नीति र वातावरण बनाउदै लानेछ । टेलिफोन तथा हुलाक सेवालाई ग्रामीण स्तरसम्म विस्तार गर्ने क्रम जारी नै राखिनेछ तथा नेपाल टेलिभिजनको प्रसारणलाई अधिराज्यका अन्य भागहरुमा समेत विस्तार गरिनेछ ।

१८. आगामी आर्थिक वर्षमा मेरो सरकारले निम्न आय भएका तथा पिछडिएका वर्ग र महिलाहरूलाई तालीम दिई रोजगारी तथा स्व-रोजगारीको अवसर बढाउदै लानेछ । वैदेशिक रोजगारीका अवसरहरुलाई अरू व्यवस्थित गरिनेछ ।

१९. मेरो सरकारले निजामती प्रशासन सेवामा संस्थागत सुधारका लागि थप कार्यक्रमहरू संचालन गर्दै जानेछ । स्वतन्त्र एवं निष्पक्ष न्याय प्रणाली अवलम्बन गर्दै छिटो-छरितो ढङ्गबाट जनतालाई न्याय दिलाउने नीति कायमै राखिनेछ ।

२०. मेरो सरकारले समाजमा शान्ति-सुरक्षा कायम राखी संविधानप्रदत्त हक र अधिकारको उपभोग र पालना गराउने उद्देश्य अनुरुप गृह प्रशासन संचालन गर्ने नीति चालु राख्नेछ ।



नेपाली नागरिकलाई नागरिकताको प्रमाणपत्र वितरण गर्ने प्रक्रियामा थप सुधारको क्रम जारी राखिनेछ । प्राकृतिक प्रकोपको असरलाई न्यून गर्ने तथा उद्धार तथा राहत कार्य व्यवस्थित रुपबाट गर्न सक्ने संस्थागत क्षमतामा वृद्धि गरिने छ । प्रहरी प्रशासनलाई समयानुकूल, अझ बढी विश्वसनीय, अनुशासित र क्रियाशील बनाइनेछ तथा कारागार व्यवस्थापनमा समेत सुधार गर्दै लगिनेछ ।

२१. मेरो सरकारले शाही नेपाली सेनाभित्र विद्यमान सीप र जनशक्तिलाई राष्ट्रको विकास तथा निर्माण कार्यमा संलग्न गराउने नीतिलाई कायमै राखी अन्य लोककल्याणकारी कार्यक्रमहरूमा समेत सेनालाई सहभागी गराउनेछ ।

विश्वमा शान्ति स्थापना गर्ने उद्देश्यले संयुक्त राष्ट्र संघको शान्ति सेनामा सहभागी भई विदेशी भूमिहरुमा तोकिएको जिम्मेवारी पूरा गर्ने अधिकृत र जवानहरूको मनोबल बढाउने नीति अनुरुप थप सुविधा दिइनेछ ।

२२. विश्वका सबै राष्ट्रहरु खास गरी हाम्रा निकटतम छिमेकी मित्र राष्ट्रहरू भारत र चीनसंग अत्यन्त राम्रो सम्बन्ध कायम गर्ने नीति मेरो सरकारको रहिरहनेछ । गत साल हामीबाट सम्पन्न चीनको राजकीय भ्रमणबाट हाम्रा दुई देश बीचको परम्परागत मित्रता अझ मजबूत पार्न मद्दत पुगेको छ ।

बंगलादेशकी प्रधानमन्त्री बेगम खालिदा जिया र पाकिस्तानकी प्रधानमन्त्री श्रीमती बेनजीर भुट्टोद्वारा सम्पन्न नेपालको

औपचारिक भ्रमणले हाम्रा द्विपक्षीय मैत्रीपूर्ण सम्बन्धहरूलाई अझ मजबूत तुल्याएको छ । मेरो सरकारले श्रीलंकामा आवासीय राजदूतावास स्थापना गर्नेछ ।

गत साल संयुक्त राष्ट्र संघको ४८औं महाधिवेशनलाई सम्बोधन गर्दा हाम्रा प्रधानमन्त्रीले संयुक्त राष्ट्र संघको आदर्श, उद्देश्य र भूमिकाप्रति अटूट र गहिरो विश्वासको अभिव्यक्ति गरेअनुरुप आगामी वर्ष पनि मेरो सरकारले संयुक्त राष्ट्र संघका क्रियाकलापहरूमा बढ्दो सहभागिता कायम राख्नेछ । यसै गरी असंलग्न अभियानको उच्च उद्देश्य र सिद्धान्तप्रति मेरो सरकारको प्रतिबद्धता कायमै रहनेछ ।

दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) लाई मेरो सरकारले क्षेत्रीय शान्ति र सहयोगको प्रभावकारी साधन ठानेको छ । दक्षिण एशियाली सहुलियतपूर्ण व्यापार व्यवस्था (साप्टा) लाई अनुमोदन गर्ने नेपाल प्रथम सार्क सदस्य राष्ट्र भएको छ र यो व्यवस्थाको उद्देश्य अनुरुपका कार्यक्रमहरूमा मेरो सरकारको प्रतिबद्धता कायमै रहनेछ ।

व्यापार, संयुक्त लगानी, पर्यटन तथा उद्योग प्रवर्द्धन जस्ता आर्थिक विकासका क्षेत्रमा अत्यधिक अन्तर्राष्ट्रिय सहयोग परिचालन गर्न परराष्ट्र नीतिको दिशालाई क्रमश: आर्थिक कूटनीतितर्फ अभिमुख गर्दै लैजाने नीति अनुरुप शाही नेपाली नियोगहरूलाई परिचालन गरिनेछ । द्विपक्षीय वार्ताद्वारा भूटानी शरणार्थी समस्याको स्थायी समाधान गर्नेतर्फ मेरो सरकारको प्रयास जारी छ ।



२३. विगत तीन वर्षको अवधिमा मेरो सरकारले देशको सामाजिक तथा आर्थिक विकासका क्षेत्रमा विभिन्न उपलब्धिहरू हासिल गरेको छ । यी उपलब्धिहरू हासिल गर्ने प्रयासमा उदारतापूर्वक सहयोग पुऱ्याउने सबै मित्रराष्ट्र तथा अन्तर्राष्ट्रिय संगठनहरूप्रति मेरो सरकार आभार प्रकट गर्दछ । साथै, यस कार्यमा सम्पूर्ण देशवासीहरूबाट प्राप्त सहयोग र समर्थनका लागि मेरो सरकार धन्यवाद व्यक्त गर्दछ ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् !"

जय नेपाल !

२०५१।५२

# श्री ५ महाराजाधिराजबाट

## संसदको आठौं अधिवेशनको दुवै सदनको संयुक्त बैठकलाई बक्सेको शाही सम्बोधन

सम्वत् २०५१ साल पौष ८ गते रोज ६

# श्री ५ महाराजाधिराजबाट

## संसदको आठौं अधिवेशनको दुवै सदनको संयुक्त बैठकलाई बक्सेको शाही सम्बोधन

*प्रतिनिधि सभाका सभामुख,*
*राष्ट्रिय सभाका अध्यक्ष*
*तथा सांसदहरु ।*

१. मुलुकमा स्थापित बहुदलीय संसदीय व्यवस्थाको संविधानसम्मत अभ्यासका क्रममा हालै सम्पन्न आमनिर्वाचनपछि यो प्रतिनिधि सभाको गठन भएको छ । नेपाली जनताको सहभागिता र राजनीतिक दलहरूबीचको खुला प्रतिस्पर्धाका साथ सम्पन्न निर्वाचनपछिको यस आठौं अधिवेशनलाई सम्बोधन गर्न पाउँदा हामीलाई खुशी लाग्नु स्वाभाविक नै हो । देशवासीहरूका भावना र आकाङ्क्षाहरूको प्रतिनिधित्व गर्ने यस सदनले बहुदलीय प्रजातन्त्रलाई सुदृढ गर्दै समुन्नत र स्वाभिमान नेपालको निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउनेछ भन्ने विश्वास हामीले लिएका छौं ।

प्रजातान्त्रिक अभ्यासहरूलाई सर्वोपरि प्राथमिकता दिई, राष्ट्रिय मर्यादा, गौरव र हितलाई अक्षुण्ण राख्दै, प्रजातन्त्रलाई आर्थिक र सामाजिक क्षेत्रमा

रुपान्तरण गर्न मेरो सरकार कटिबद्ध रहनेछ ।

वर्तमान राजनीतिक परिप्रेक्ष्यमा राष्ट्रिय सहमतिका आधारहरूलाई बलियो बनाउँदै मुलुकमा स्थिरता कायम राख्ने तथा सन्तुलित ढंगको खुला आर्थिक कार्यक्रमहरूमा जोड दिंदै अशिक्षित, गरीब र निमुखा जनताको जीवनस्तर उठाई समतामूलक समाज निर्माण गर्नेतर्फ मेरो सरकारले प्रभावकारी कदमहरू चाल्दै जानेछ । यस क्रममा, यस आर्थिक वर्षको पूर्वार्द्ध समाप्त भइसकेको तथ्यलाई ध्यानमा राखेर मेरो सरकारले यो नीति तथा कार्यक्रम अगाडि सारेको छ ।

२. मेरो सरकारले विकासको प्रतिफल आम जनतामा प्रत्यक्ष रुपमा पुऱ्याउने उद्देश्यले आर्थिक वृद्धि, रोजगार प्रवर्द्धन, गरीबी निवारण, सन्तुलित विकास जस्ता विभिन्न जनमुखी राहत कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्नेछ । यसै सन्दर्भमा, चालू आठौं पन्चवर्षीय योजनाको मध्यावधि प्रगति मूल्याङ्कन र परिवर्तित राजनीतिक परिप्रेक्ष्य समेतका आधारमा योजनामा उल्लिखित आर्थिक तथा सामाजिक विकासका नीति, प्राथमिकता र कार्यक्रमहरूलाई आवश्यकतानुसार संशोधन एवं परिमार्जन गरिनेछ । राष्ट्रिय विकास अभियानमा निजी क्षेत्रको भूमिकालाई उच्च महत्व दिने नीति मेरो सरकारले लिनेछ । मुलुकको सर्वाङ्गीण विकासमा गैर-सरकारी संस्थाहरूको भूमिकालाई दृष्टिगत गरी तिनलाई व्यवस्थित रुपमा संचालन गर्न ठोस कदम चालिनेछ ।

मेरो सरकारले योजना प्रणाली र संगठनलाई वैज्ञानिक, कार्यकुशल र प्रभावकारी बनाउँदै विकेन्द्रित योजना प्रणाली र नियमित अनुगमन तथा मूल्यांकन कार्यलाई प्राथमिकता दिनेछ ।

३. मेरो सरकार जनसंख्याको उच्च वृद्धिदर र मन्द आर्थिक प्रगति, बढ्दो वैदेशिक ऋण, राजस्व संकलनका सीमित आधारहरु तथा साधारण खर्चको बोझ जस्ता विसंगति र यसले सिर्जना गरेका सामाजिक विकृतिहरुलाई प्रमुख चुनौतीका रुपमा ग्रहण गर्दै जनताले नयाँ सरकारसंग राखेको उच्च आंकाक्षा समेतलाई दृष्टिगत गरी यस आर्थिक वर्षको बाँकी अवधिमा राष्ट्रिय अर्थतन्त्रको पुनर्संरचनातर्फ कार्यरत रहनेछ । यस क्रममा, सीमित साधन र समयलाई ध्यानमा राखी तत्काल प्रतिफल हासिल हुने क्षेत्रतर्फ जोड दिंदै मानवीय स्रोत



र साधनलाई बढी उत्पादनशील र दक्ष बनाउन सामाजिक क्षेत्रमा बढी र कम विनियोजन गर्नेतर्फ मेरो सरकार क्रियाशील रहनेछ ।

देशको बढ्दो विकास आकाङ्क्षाको परिपूर्तिका लागि आन्तरिक राजस्व परिचालनमा वृद्धि गर्न मौजुदा कर प्रणालीमा व्यापक पुनरावलोकन, स्वेच्छाले नै कर तिर्ने अनुकूल वातावरणको सृजना र करका दरहरूमा आवश्यक सुधार गरिनुका साथै कर सम्बन्धी कानूनी व्यवस्था र कर प्रशासनलाई सरल, पारदर्शी र सुदृढ बनाइनेछ । कर छल्ने प्रवृत्तिलाई कडाइका साथ निरुत्साहित गर्दै विपन्न वर्गलाई करको भारबाट मुक्त गर्ने नीति मेरो सरकारले लिनेछ ।

देशमा प्राप्त हुने विदेशी सहायताको पूर्ण सदुपयोग गर्दै विकास आयोजना तथा कार्यक्रमहरूको शीघ्र कार्यान्वयन गर्ने पक्षमा मेरो सरकारले विशेष ध्यान दिनेछ ।

वाणिज्य बैंक तथा वित्तीय संस्थानहरू आफैले ब्याजदर तोक्ने व्यवस्था कायमै राखी प्राथमिकता तोकिएका क्षेत्रहरुमा हुने कर्जा प्रवाहलाई ब्याज अनुदानको माध्यमबाट अझ व्यापक तुल्याउँदै वित्तीय क्षेत्रलाई ग्रामीणमुखी बनाउन मेरो सरकारले ठोस कदमहरू चाल्नेछ । यस क्रममा, मेरो सरकारले चालु आर्थिक वर्षभित्रै पश्चिमाञ्चल तथा मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा एक-एक वटा ग्रामीण विकास बैंकको स्थापना गर्नेछ । यसै गरी देशमा रोजगारी सृजना गर्नका लागि मेरो सरकारले प्रारम्भिक कार्य शुरु गर्नेछ । तल्लो वर्गका जनताहरूलाई राहत दिन मेरो सरकारले राहत कार्यक्रमको व्यवस्था गर्नेछ । राष्ट्रसेवकहरूको सुविधामा समयानुकूल अभिवृद्धि गर्दै लगिनेछ ।

४. मेरो सरकारले स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगको स्थापना र संचालनमा निजी क्षेत्रलाई थप प्रोत्साहन दिनुका साथै निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापन गर्ने उद्योगको विकासतर्फ योजनाबद्ध प्रयास गर्नेछ । मझौला र ठूला उद्योगको विकासका निम्ति विद्यमान संस्थागत व्यवस्थालाई दरिलो बनाउँदै एकद्वार प्रणालीको सुदृढीकरण गर्दै लगिनेछ । खनिज अन्वेषण र खनिजजन्य उद्योगहरूमा लगानी प्रवर्द्धन, प्रविधि हस्तान्तरण र व्यवस्थापकीय सीप हस्तान्तरणतर्फ विशेष जोड दिइनेछ । देशको औद्योगीकरणलाई बल

पुऱ्याउन घरेलु तथा साना र ठूला लगायत राष्ट्रहितको पक्षमा रहेका सबै खालका उद्योगहरुको विकासका लागि विद्यमान औद्योगिक व्यवसाय ऐनमा आवश्यकता अनुसार संशोधन गरिनेछ । उद्योग प्रवर्द्धनका लागि विशेष कार्यक्रम लागू गरिनेछ । औद्योगीकरणको फलस्वरुप उत्पन्न हुने प्रदूषणको नियन्त्रण र व्यवस्थापनका निमित्त उपयुक्त नीति र नियमको तर्जुमा गरिनेछ ।

सरकारी संस्थानहरूलाई लगानीको अनुपातमा प्रतिफल दिनसक्ने गरी मेरो सरकारले संचालन गर्नेछ । आर्थिक-सामाजिक दृष्टिले सरकारी क्षेत्रमा रहन अनावश्यक संस्थानहरू निजी क्षेत्रमा हस्तान्तरण गर्दा स्वदेशी लगानीकर्ता तथा संस्थानका कर्मचारी र कामदारहरूको सहभागितालाई प्राथमिकता दिइनेछ । नयाँ उद्योगहरु स्थापना गर्न द्विपक्षीय तथा बहुपक्षीय सहयोग जुटाउन पहल गरिनेछ ।

५ मेरो सरकारले वाणिज्य क्षेत्रमा पारदर्शिता, प्रतिस्पर्धा र खुलापनको नीतिलाई अवलम्बन गर्नेछ । विदेश व्यापारको क्षेत्रमा बढ्दै गएको असन्तुलनप्रति मेरो सरकार चिन्तित रहेको छ । यस सन्दर्भमा, निर्यात क्षेत्रमा थप प्रोत्साहनका साथै निर्यात विविधीकरणका लागि प्रभावकारी रुपमा वस्तु-विकास र बजार-विस्तार कार्यक्रमहरू संचालन गरिनेछन् । देशको वैदेशिक व्यापार प्रवर्द्धन र राष्ट्रिय उद्योगहरुको संरक्षणबीच उपयुक्त समन्वय कायम गर्दै लगिनेछ । पारवहन व्यवस्थालाई सुव्यवस्थित र सुगम बनाइनेछ । दक्षिण एशियाली सहुलियतपूर्ण व्यापार व्यवस्था (साप्टा) अनुरुप दक्षिण एशियाली मुलुकहरूसंग पारस्परिक व्यापार प्रवर्द्धन गर्न मेरो सरकार प्रयत्नशील रहनेछ ।

६. मेरो सरकारले महगीको मारबाट पीडित जनताप्रति अत्यन्त संवेदनशील रहदै दैनिक उपभोग्य वस्तुहरूको आपूर्ति र बजार व्यवस्थापनमा सुधार ल्याई मूल्यस्थितिमा नियन्त्रण गर्नेतर्फ अविलम्ब कदम चाल्नेछ । बजार मूल्य अनुगमन गर्ने प्रभावकारी उपायहरु अवलम्बन गरिनेछ । आपूर्ति व्यवस्थालाई सुदृढ गर्न उपभोक्ता सहकारी संस्थाहरूको विकासमा जोड दिइनेछ । खाद्यान्न न्यून भएका दुर्गम क्षेत्रका जिल्लाहरूमा विविध उपायहरूद्वारा खाद्यान्नको सुलभ आपूर्तितर्फ विशेष ध्यान पुऱ्याइनेछ ।



७. मेरो सरकारले वर्षौंदेखि अधुरा रहेका राजमार्गका बाँकी खण्डहरूको निर्माण तदारुकताका साथ पूरा गर्ने र राजमार्ग, सहायक मार्ग एवं शहरी सडकहरु तथा पुल-पुलेसाहरुको मर्मत-सम्भार र विस्तार गर्ने कार्यलाई प्राथमिकताका साथ संचालन गर्नेछ । अञ्चल तथा जिल्ला सदरमुकाम जोड्ने सडकहरूको निर्माणका साथै विकास-निर्माण संचालन हुने क्षेत्रमा पूर्वाधारको रुपमा सडक सुविधा पुऱ्याउने काममा विशेष ध्यान दिइनेछ । रोपवे, रेल्वे, ट्रलिबस जस्ता यातायातका माध्यमहरूको विस्तार गरिनेछ । जलमार्गको सम्भाव्यता अध्ययन गर्ने कार्यको थालनी गरिनेछ ।

८. मेरो सरकारले राष्ट्रिय हितलाई जगेर्ना गर्दै जलस्रोत उपयोगका कार्यक्रमहरू पारस्परिक लाभ तथा पारदर्शिताको आधारमा संचालन गर्नेछ । विद्युत् आयोजनाको विकासका लागि स्वदेशी एवं विदेशी लगानीकर्तालाई प्रोत्साहित गर्ने नीति अघि सारिनेछ । सम्भाव्य साना तथा मझौला जलविद्युत् आयोजनाहरुको अविलम्ब कार्यान्वयन तथा ग्रामीण एवं दुर्गम क्षेत्रको विद्युतीकरणतर्फ प्रयास गरिनेछ । ठूला विद्युत् आयोजनाहरुको हकमा राष्ट्रिय हितलाई प्राथमिकता दिदै त्यस्ता आयोजनाहरुको आर्थिक, वातावरणीय, बसोबास आदि पक्षहरूको मूल्याङ्कनका आधारमा कार्यान्वयन गर्ने नीति लिइनेछ । जलविद्युत् आयोजनाहरु सस्तो लागतमा निर्माण गरी बिक्रीयोग्य मूल्यमा विद्युत उत्पादन गर्न सकिएमा मात्र जलविद्युत्को वास्तविक विकास सम्भव हुने कुरालाई मनन गरी मेरो सरकारले स्वदेशी सीप र क्षमतालाई परिचालन गर्नेछ ।

साना सिंचाइ आयोजनाहरुमा प्राथमिकता दिदै कृषि क्षेत्रको मौसम माथिको निर्भरता कम गर्दै लगिनेछ र सिंचाइका विशेष कार्यक्रमहरू संचालन गरिनेछन् । नदी-कटान तथा बाढी-पहिरो जस्ता समस्याहरु समाधान गर्न अल्पकालीन तथा दीर्घकालीन उपायहरु अपनाइनेछन् ।

९. पर्यटन उद्योगको विकास र विस्तारका लागि मेरो सरकारले आवश्यक नीतिको तर्जुमा गर्नेछ । साथै, भौतिक पूर्वाधारको विकास र विस्तारमा जोड दिदै यस क्षेत्रमा निजी क्षेत्रको सहभागिता बढाइनेछ । पर्यटन उद्योगबाट प्राप्त प्रतिफल जनसाधारणसम्म पुऱ्याउने गरी पर्यटन क्रियाकलापहरूलाई विस्तारित गर्ने नीति मेरो सरकारको रहनेछ । काठमाडौं बाहिर अर्को

अन्तर्राष्ट्रिय विमानस्थल स्थापनाको लागि प्रारम्भिक कार्य शुरु गरिनेछ ।

१०. मेरो सरकारले कृषकहरूको स्थानीय आवश्यकता, संभाव्यता र सहभागिताका आधारमा कृषि विकास कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गर्नुका साथै कृषकहरूको सीप र दक्षतामा अभिवृद्धि गराउनेछ । कृषिजन्य उद्योगको विकासमा टेवा पुऱ्याउने वस्तुहरूको उत्पादन, पशुपालन र फलफूल खेतीको विकासमा विशेष जोड दिइनेछ। कृषकहरूको हित संरक्षित हुने गरी उचित मूल्य नीतिको अवलम्वन गर्दै बजार प्रणालीको व्यवस्थापनमा सुधार ल्याइनेछ। सहकारी अभियानलाई अझै प्रभावकारी बनाई ग्रामीण अर्थतन्त्रको विकासमा सहकारी संस्थालाई उत्पादक तथा उपभोक्तामा हुने गरेको शोषणलाई हटाउने माध्यमका रुपमा विकास गर्दै लगिनेछ। यसका साथै कृषि उत्पादन एवं विकासको समसामयिक लेखा-जोखा गर्ने प्रक्रियालाई सुदृढ गर्न कृषि तथ्याङ्क प्रणालीलाई वैज्ञानिक बनाइनेछ । सिंचाइको विस्तारद्वारा कृषि उत्पादनमा वृद्धि गरी ग्रामिण रोजगारीको विस्तार गरिनेछ। मालपोत घटाई कृषकहरूलाई राहत दिइनेछ ।

११. सामाजिक न्यायप्राप्तिका क्रममा कृषि क्षेत्रको रोजगारी र उत्पादकत्वमा वृद्धि एवं भूमिको समुचित उपयोग तथा वितरण र भूमिमाथिको द्वैध नियन्त्रण सम्बन्धी समस्याका सन्दर्भमा मेरो सरकारले उच्चस्तरीय आयोगको गठन गर्नेछ र सो आयोगको प्रतिवेदन समेतलाई विचार गरी भूमिसुधार कार्यक्रमलाई अघि बढाउँदै कमैया र भूमिहीन कृषि-मजदूरका समस्याको समाधान गरिनेछ। भू-नापी कार्य भैनसकेका जिल्लाहरूमा अविलम्व नापी कार्य पूरा गरिनेछ। एकीकृत भू-सूचना प्रणालीद्वारा आधुनिक र अद्यावधिक रुपमा जग्गा-जमीनको अभिलेख राख्ने कार्यलाई विस्तार गरिनुका साथै विकास कार्यक्रमहरूलाई समेत सघाउ पुग्ने किसिमको अद्यावधिक विवरण प्राप्त हुने गरी कित्ता नापी लगायत अन्य नाप-नक्सा सम्बन्धी कार्यक्रमहरू संचालन गरिनेछन् ।

परम्परागत रुपमा चलिआएको धार्मिक कार्यमा बाधा नपुगोस् भन्नेतर्फ विचार पुऱ्याउँदै गुठी जग्गालाई रैकरमा परिणत गरिनेछ ।

१२. मेरो सरकारले वन विकासका लागि ठोस कार्यक्रमहरू संचालन गर्नुका साथै वृक्षारोपण, वन पैदावारको उपयोग जस्ता कार्यमा उपभोक्ता समूहहरू तथा



सम्बन्धित स्थानीय निकायहरुलाई क्रियाशील गराउने नीति लिनेछ । वन प्रशासनलाई सुदृढ बनाउनेतर्फ आवश्यक ध्यान दिइनेछ । आम जनताको आवश्यकतालाई ध्यानमा राखी सरकारी, सामुदायिक, निजी, कबुलियती तथा धार्मिक वनको व्यवस्थापनमा सुधार ल्याउन वन सम्बन्धी नयाँ नियमावली लागू गरिनेछ। साथै, वनस्पति तथा जडीबूटीहरूको संरक्षण गर्ने कार्यमा वैज्ञानिक विधिहरूको प्रयोगतर्फ विशेष जोड दिइनेछ ।

अधिराज्यका महत्वपूर्ण जलाधार क्षेत्रहरुको संरक्षण, भू-उत्पादकत्व सम्वर्द्धन, भू-क्षय नियन्त्रण जस्ता कार्यहरू संचालन गरिनेछन् ।

१३. मेरो सरकारले कम खर्चिलो प्रविधि अपनाई उपभोक्ता समितिको संलग्नतामा ग्रामीण क्षेत्रमा खानेपानी सुविधा विस्तार गर्ने कार्यक्रम चालु राख्नेछ । काठमाडौं उपत्यका लगायत अन्य शहरी क्षेत्रमा स्वच्छ खानेपानीको आपूर्ति बढाउन एवं पानीको चुहावट नियन्त्रण गर्न प्रभावकारी कार्यक्रम संचालन गरिनेछ ।

शहरीकरणको प्रक्रियालाई योजनाबद्ध एवं व्यवस्थित गर्न जिल्ला सदरमुकाम, नगरपालिका तथा नगर-उन्मुख क्षेत्रहरूको भौतिक विकास योजनाका कार्यक्रमहरू तर्जुमा तथा कार्यान्वयन गर्दै लगिनेछन् ।

आवास व्यवस्थालाई योजनाबद्ध ढंगले अघि बढाइनेछ र नगरको व्यवस्थित विकासका लागि शहरी विकास बैंक स्थापना गर्न आवश्यक ऐनको तर्जुमा गरिनेछ। सुरक्षित र सुलभ भवन निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

१४. देशका विपन्न वर्ग र क्षेत्रलाई विकासको मूल प्रवाहमा समाहित गराउन "आफ्नो गाउँ आफै बनाऔं" कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिनेछ । यस अन्तर्गत स्थानीय आवश्यकता अनुरुपका केही निश्चित कार्यक्रमहरू स्थानीय निकायहरुको प्रभावकारी परिचालनद्वारा ग्रामीण तहमा सोझै कार्यान्वयन गर्ने परिपाटीको थालनी गरिनेछ। गाउँ नै गाउँले भरिएको नेपालको सर्वाङगीण विकासका लागि स्थानीय विकासलाइ मेरो सरकारले मेरुदण्डका रुपमा लिनेछ । विकास-निर्माणका कार्यमा स्थानीय जनताको प्रत्यक्ष संलग्नतामा वृद्धि गराउन नयाँ संभावनाहरुको खोजी गर्दै योजनाहरुको

छनौट, कार्यान्वयन र मर्मत-सभारमा स्थानीय जनतालाई सहभागी बनाउने प्रक्रियालाई अझ अघि बढाइनेछ । प्रभावकारी हुन नसकेका स्थानीय निकायहरूमा सुधार ल्याउन गम्भीर ध्यान दिइनेछ। उपभोक्ता समितिहरूको गठन र कार्य संचालनमा सुधार ल्याइनेछ। महिला, पिछडिएका जनजाति एव समुदाय सम्बन्धी कार्यक्रमहरूलाई व्यवस्थित र सुदृढ गरिनेछ। दुर्गम क्षेत्र विकास सम्बन्धी कार्यलाई अझ गतिशील र प्रभावकारी बनाउन मेरो सरकारले विशेष ध्यान पुऱ्याउनेछ। स्थानीय बेरोजगारी कम गर्न श्रममूलक प्रविधि अपनाई ग्रामीण सडक एव अन्य बिकास-पूर्वाधार तयार गर्ने कार्यमा स्थानीय जनतालाई अधिकतम परिचालन गर्ने नीति मेरो सरकारले लिनेछ। स्थानीय विकास प्रशिक्षण कार्यक्रम अन्तर्गत व्यवस्थापकीय सीप बढाउने उद्देश्यले नतीजामूलक तालीम दिने व्यवस्था गरिनेछ।

१५. मेरो सरकारले देशको आवश्यकता अनुरुप दक्ष जनशक्ति उत्पादन गर्ने राष्ट्रिय शिक्षा नीति रं कार्यक्रमको तर्जुमा तथा कार्यान्वयन गर्दै जाने नीति लिनेछ।

विद्यालय स्तरको पाठ्यक्रम, पाठ्यपुस्तक तथा परीक्षा प्रणालीमा सुधार गर्ने र मध्यम तथा निम्न स्तरको सीपमूलक जनशक्तिको उत्पादनका लागि थप प्राविधिक शिक्षालयहरुको स्थापना गर्नेतर्फ विशेष जोड दिइनेछ। साक्षरता अभियानलाई विस्तार र व्यवस्थित गरिनेछ। शहीदका छोरा-छोरीलाई स्वदेशमा स्नातक तहसम्म नि:शुल्क शिक्षाको व्यवस्था गरिनेछ।

त्रिभुवन विश्वविद्यालयको व्यवस्थापन सुदृढीकरण, भौतिक सुविधाको विस्तार तथा उच्च शिक्षाको पाठ्यक्रममा सुधार गर्दै, उच्च शिक्षाको विस्तारका लागि पूर्वाञ्चल विश्वविद्यालयको स्थापना गरिनेछ। त्यस्तै, पश्चिमाञ्चल विकास क्षेत्रमा विश्वविद्यालय स्थापना गर्न सम्भाव्यता अध्ययन गरिनेछ। कृषि विश्वविद्यालय स्थापना गर्न यसै वर्ष प्रारम्भिक कार्यको थालनी गरिनेछ। निजी क्षेत्रमा उच्च शैक्षिक प्रतिष्ठानहरु स्थापना र संचालन गर्ने सम्बन्धमा राष्ट्रिय हित र आवश्यकता अनुकूल हुने गरी ठोस नीति र कार्यक्रम तर्जुमा गरिनेछ।



शिक्षा क्षेत्रमा संलग्न व्यक्तिहरुको पेशागत हकहितलाई मर्यादित र सुरक्षित गर्दै लगिनेछ। साहित्य, कला र संस्कृतिको क्षेत्रका प्रतिभाहरूलाई प्रेरित र प्रोत्साहित गर्ने नीति लिइनेछ।

विविध भाषा, धर्म, कला र संस्कृतिको विकासमा कार्यरत रहंद मेरो सरकारले ऐतिहासिक तथा प्राचीन मठ-मन्दिर, स्मारक र पुरातात्विक महत्वका स्थलहरूको संरक्षण तथा सम्वर्द्धनमा ध्यान पुऱ्याउनेछ। महिलाहरूको उत्थान तथा विकासका लागि मेरो सरकार क्रियाशील रहनेछ। बालबालिका सम्बन्धी कानूनलाई पूर्णत: लागु गर्नुका साथै सामाजिक न्यायलाई व्यवहारमा उतार्न मेरो सरकार प्रयत्नशील रहनेछ। अनाथ बालबालिका तथा असहाय वृद्धलाई संरक्षण दिने तथा अपाङगहरूलाई स्वावलम्बी बनाउने कार्यक्रमहरुलाई व्यवस्थित र विस्तार गरिनेछ।

१६. मेरो सरकारले देशका बढीभन्दा बढी जनतालाई स्वास्थ्य सेवा पुऱ्याउने उद्देश्य अनुरुप आधारभूत प्राथमिक स्वास्थ्य सेवा र चिकित्सा सुविधाहरु ग्रामीण तहसम्म पुऱ्याउदै लैजाने संस्थागत व्यवस्थाको विकासमा जोड दिनेछ। सस्तो र सुलभ ढगबाट अत्यावश्यक औषधिहरुको आपूर्ति, जनसख्या नियन्त्रण एवं खोप र पोषण कार्यक्रमलाई व्यापक गराई मातृ तथा शिशु मृत्युदरमा नियन्त्रण जस्ता कार्यक्रमहरु संचालन गरिनुका साथै जिल्लास्तर र सो अन्तर्गतका स्वास्थ्य संस्थाहरुको सुदृढीकरण तथा ठूला अस्पतालहरूको कार्यप्रणाली, सुविधा र दक्षतामा सुधार तथा वृद्धि गरिनेछ। प्राथमिक स्वास्थ्य केन्द्र र उप-स्वास्थ्य चौकी सम्बन्धी कार्यक्रमलाई व्यवस्थित गरिनेछ।

आयुर्वेदिक, प्राकृतिक र होमियोपेथिक स्वास्थ्य सेवाको विकास र विस्तारका लागि मेरो सरकार प्रयत्नशील रहनेछ। स्वास्थ्यकर्मीहरूको पेशालाई मर्यादित र व्यवस्थित तुल्याउन विद्यमान कानूनमा परिमार्जन र नयाँ कानूनको निर्माणतर्फ आवश्यक कार्यको सुरुआत गरिनेछ। स्वास्थ्योपचार को क्षेत्रमा प्राचीनकालदेखि उपयोग हुँदै आएको जडीबुटीको प्रयोगमा आवश्यक सुधार गर्नेतर्फ गम्भीर ध्यान दिइनेछ।

१७. मेरो सरकारले निष्पक्ष तथा मर्यादित पत्रकारिताको संस्थागत विकास एव

प्रवर्द्धन र श्रमजीवी पत्रकारहरूको हक, हित, सुविधा र सुरक्षाका सम्बन्धमा आवश्यक व्यवस्था गर्नेछ । दूरसंचार सेवालाई गाउं विकास समितिसम्म पुर्‍याउने प्रयत्न गर्दै स्थानीय हुलाकहरूलाई सुदृढ र प्रभावकारी बनाउने कार्य जारी राखिनेछ । मुलुकको एकता र संस्कृतिको रक्षा एवं विकास गर्ने नीतिका आधारमा श्रव्यदृश्य सामग्रीको निर्माणलाई प्रोत्साहित गरिनुका साथै नेपाल टेलिभिजनको प्रसारणलाई क्रमिक रुपमा अधिराज्यका अन्य भागहरुमा विस्तार गर्दै लगिनेछ ।

१८. मेरो सरकारले निम्न आय भएका तथा पिछडिएका वर्ग र महिलाहरुलाई व्यावसायिक तालीम दिई रोजगारीका अवसर बढाउनुका साथै वैदेशिक रोजगारका क्षेत्रमा विद्यमान अनियमिततालाई हटाउँदै यस क्षेत्रलाई व्यवस्थित गर्नेछ । मुलुकभित्र रोजगारीका अवसरहरुको खोजी गर्दै श्रमजीवीहरूको हित रक्षा गर्न आवश्यक कानूनको निर्माण र विद्यमान कानूनमा समयानुकूल सुधार गरिनेछ । श्रम अदालतको गठनका लागि आवश्यक कार्य गरिनेछ ।

बाल श्रम तथा कमैया प्रथा जस्ता समस्याका सन्दर्भमा विभिन्न प्रभावकारी कार्यक्रमहरू संचालन गरी उनीहरूको मानवाधिकारको संरक्षण गर्नुका साथै कृषि-मजदूरको न्यूनतम ज्याला निर्धारणका सम्बन्धमा समेत आवश्यक अध्ययन गराइनेछ ।

१९. मेरो सरकारले प्रशासन क्षेत्रको समीक्षा गरी निजामती सेवा र प्रशासनलाई जन-उत्तरदायी, पारदर्शी, स्वच्छ र सुदृढ बनाउने तथा यसलाई मर्यादित संस्थाका रुपमा स्थापित गर्ने नीति अवलम्बन गर्दै विद्यमान कानूनी व्यवस्था तथा यसको कार्यान्वयनमा समयानुकूल सुधार एवं परिमार्जन गर्नेछ । यस क्रममा, निजामती सेवालाई कार्यप्रकृतिको आधारमा व्यवस्थित गरिनेछ तथा कार्यदक्षता र अनुभवलाई वृत्ति विकासको आधार बनाइनेछ । विगतको कर्मचारी आन्दोलनका सिलसिलामा कर्मचारीमाथि भएका विभागीय कार्यवाहीहरुको पुनरावलोकन गर्ने तथा कानून बमोजिम उपचार प्रदान गर्ने कार्य शुरु भएकोछ र यसलाई अघि बढाइनेछ ।

२०. मेरो सरकारले संविधानद्वारा प्रत्याभूत मौलिक हक तथा मानव अधिकारको संरक्षण र संवर्द्धन सम्बन्धी कानून र अन्य आवश्यक कानूनहरूको निर्माण



तथा संशोधनका साथै मानव अधिकार सम्बन्धी उच्चस्तरीय आयोग गठन गर्न आवश्यक कार्य शुरु गरिसकेको छ । मेरो सरकारले स्वतन्त्र र सक्षम न्याय प्रणालीको स्थापना तथा सुदृढीकरणका लागि आवश्यक पाइला चाल्नेछ । महिला वर्गको हक र हितको संरक्षणका लागि आवश्यक कार्यको सुरुआत गरिनेछ ।

२१. मेरो सरकार मुलुकमा शान्ति-सुरक्षाको स्थितिलाई सुदृढ र भरपर्दो तुल्याउँदै मानव अधिकारको व्यावहारिक प्रत्याभूतितर्फ सचेष्ट रहनेछ । विगतमा भएका कारागार सुधारका प्रयासहरूको समीक्षा गर्दै बन्दीहरूलाई न्यूनतम भौतिक तथा मानवीय सुविधा दिलाउने तथा कैद माफी लगायतका व्यवस्थालाई प्रभावकारी ढंगले लागु गराउनेतर्फ विशेष ध्यान दिइनेछ । यातना विरुद्धको क्षतिपूर्ति र सार्वजनिक अपराधलाई अदालतको अधिकार-क्षेत्रभित्र राख्ने सम्बन्धी विधेयक संसदको यसै अधिवेशनमा पेश गरिनेछ ।

मेरो सरकारले भ्रष्टाचार र सामाजिक विकृतिका विरुद्ध सशक्त र प्रभावकारी अभियानको आरंभ गर्दै समाजलाई उच्च नैतिक मूल्य र मान्यताप्रति अभिमुख तुल्याउनेछ । नेपाली नागरिकहरूलाई सरल ढंगबाट नागरिकताको प्रमाणपत्र दिलाउने कार्य अघि बढाउन नागरिकता सम्बन्धी आयोग गठन गरिनेछ । मुलुकमा प्रजातन्त्रको लागि विशेष योगदान गर्ने राजनैतिक व्यक्तित्वहरुको उचित सम्मान गर्न मेरो सरकार प्रयत्नशील रहनेछ ।

प्रहरी सुधार सुझाव आयोगको प्रतिवेदनलाई क्रमिक रुपमा लागू गर्दै प्रहरी संगठनलाई प्रजातान्त्रिक मूल्य र मान्यता अनुरुप जनमुखी, सेवामुखी र सक्षम तुल्याइनेछ । प्राकृतिक प्रकोपबाट प्रभावित परिवारका लागि गरिने उद्धार तथा राहत कार्यलाई अझ व्यवस्थित बनाइनेछ ।

निर्वाचन प्रक्रिया सम्बन्धी हालसम्मको अनुभवलाई दृष्टिगत गरी निर्वाचनलाई निष्पक्ष, स्वतन्त्र, स्वच्छ र धाँधलीरहित रुपमा सम्पन्न गर्न निर्वाचन सम्बन्धी विद्यमान ऐन, नियमहरूमा समयानुकूल सुधार गर्दै मतदाता परिचयपत्रको व्यवस्था गर्नेतर्फ आवश्यक पाइला चालिनेछ ।

२२. मेरो सरकारले शाही नेपाली सेनाले निर्वाह गर्दै आएको प्रमुख दायित्वलाई निरन्तर राख्नका साथै सेनालाई विकास तथा निर्माण कार्यमा संलग्न गराई सर्वसाधारण जनतालाई प्रत्यक्ष फाइदा हुने विकासशील कार्यक्रममा संलग्न गराउने बारे थप संभाव्यता अध्ययन गराउने नीति लिनेछ ।

संयुक्त राष्ट्रसंघको आह्वानमा शान्तिस्थापना कार्यमा सरीक हुन शान्ति सेना पठाउँदै आएको सन्दर्भमा यसै प्रयोजनका लागि माग भएका बखत तत्काल पठाउन सकिने गरी आवश्यक व्यवस्था गरिनेछ । शाही नेपाली सेनाका अधिकृत तथा जवानहरुले आकस्मिक प्राकृतिक प्रकोप र दुर्घटना आदिका बखत उद्धार तथा राहत कार्यमा दिएको प्रशंसनीय योगदानलाई दृष्टिगत गर्दै सेनालाई समयानुकूल सुविधायुक्त, दक्ष र सक्षम बनाउने नीति लिइनेछ ।

२३. राष्ट्रिय हितलाई सर्वोपरि राखी पंचशील तथा असंलग्नताका सिद्धान्तहरुको आधारमा विश्वका सबै राष्ट्रहरु, खास गरी छिमेकी मित्रराष्ट्रहरू भारत र चीनसंग, सुमधुर सम्बन्ध कायम गर्ने मेरो सरकारको नीति हुनेछ । गत आश्विन महिनामा हामीबाट भएको गणतन्त्र फ्रान्सको राजकीय भ्रमणबाट दुई देशबीच विद्यमान मैत्रीपूर्ण सम्बन्ध अझ सुदृढ भएको छ ।

समानता, पारस्परिक सम्मान र हितका आधारमा सबै मित्रराष्ट्रहरू र विशेषत: छिमेकीहरूसंगको मैत्री सम्बन्धलाई अझ मजबूत तुल्याउँदै लैजाने नीति अनुरुप यस वर्ष हाम्रा छोरा श्री ५ युवराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेवबाट भएको गणतन्त्र भारत तथा जनवादी गणतन्त्र चीनको औपचारिक भ्रमणले नेपालका यी निकट छिमेकी मित्रराष्ट्रहरूसंगको हाम्रो परम्परागत मैत्रीपूर्ण संबन्ध अझ सुदृढ हुन गएको छ । हाम्रा प्रधानमन्त्रीले निकट भविष्यमा छिमेकी मित्रराष्ट्र भारतको भ्रमण गर्नुहुनेछ ।

संयुक्त राष्ट्र संघको आदर्श र लक्ष्यप्रति मेरो सरकारको अटुट तथा गहिरो प्रतिबद्धता रहनेछ । विश्व शान्ति र प्रगतिका निम्ति संयुक्त राष्ट्र संघका गतिविधिहरूमा मेरो सरकारको निरन्त सहभागिता रहनेछ ।



मेरो सरकार दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठनले यसका सदस्य राष्ट्रहरुबीच पारस्परिक मैत्री र सहयोग अभिवृद्धिको दिशामा अझ प्रभावकारी भूमिका खेल्ने कार्यमा योगदान पुऱ्याउन क्रियाशील रहनेछ । पारस्परिक वार्ताद्वारा भुटानी शरणार्थी समस्याको स्थायी समाधानतर्फ मेरो सरकारले पाइला चाल्नेछ ।

२४. भरखरै सम्पन्न आम निर्वाचनको सफलतामा योगदान गर्ने सम्पूर्ण देशवासीहरूप्रति मेरो सरकार धन्यवाद ज्ञापन गर्दछ । साथै, प्रजातन्त्रको संस्थागत विकास, स्थायित्व र नेपाली जनताको आर्थिक समुन्नतिका निमित्त समस्त देशवासीहरु, मित्र राष्ट्रहरू तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरूबाट मेरो सरकारलाई निरन्तर सहयोग प्राप्त भइरहनेछ भन्ने विश्वास हामीले लिएका छौं ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरुन् !

जय नेपाल !

२०५२।५।२

# श्री ५ महाराजाधिराजबाट

## संसदको दुवै सदनको संयुक्त बैठकलाई बक्सेको शाही सम्बोधन

सम्वत् २०५२ साल आश्विन ५ गते रोज ५

# श्री ५ महाराजाधिराजबाट

## संसदको दुवै सदनको संयुक्त बैठकलाई बक्सेको शाही सम्बोधन

*प्रतिनिधि सभाका सभामुख,*
*राष्ट्रिय सभाका अध्यक्ष*
*तथा सांसदहरु ।*

१. प्रतिनिधिसभा पुनर्स्थापित भई नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४२ को उपधारा (१) अन्तर्गत देशमा पहिलो पटक संयुक्त सरकार गठन भएको छ । बहुदलीय संसदीय प्रणालीलाई सुदृढ गर्न र राष्ट्रको समग्र विकास गर्नका लागि यो नयां संवैधानिक अभ्यासले योगदान पुऱ्याउनेछ भन्ने हामी कामना गर्दछौं ।

नेपाल अधिराज्यको राष्ट्रिय हक, हित र स्वाभिमानलाई सर्वोपरी राखी जनताको आकांक्षा र चाहना अनुरुप विभिन्न तहका संस्थाहरुको सहभागिता एवं प्रभावकारितामा वृद्धि र क्षेत्रीय सन्तुलन कायम राख्दै नेपाली जनताको आर्थिक र सामाजिक विकासमा नयां गति ल्याउन मेरो सरकार कटिबद्ध रहनेछ । मेरो सरकारले राजनैतिक स्थायित्व कायम गर्दै संविधान तथा प्रजातान्त्रिक मूल्य र मान्यतालाई सुदृढ गर्दै लैजानेछ ।

२. मेरो सरकारले विकास कार्यक्रमहरु संचालन गर्दा गाउंलाई नै केन्द्रविन्दु बनाउनेछ। साथै, हालसम्म राष्ट्रिय विकासको मूल प्रवाहबाट वन्चित गरीब, निमुखा, पिछडिएका जनजाति र उपेक्षित समुदायको जीवन् स्तर उठाउन तथा राजनैतिक, आर्थिक र सामाजिक शोषण समाप्त गर्न कार्यक्रमहरु संचालन गर्नु नै मेरो सरकारको मूल लक्ष्य रहनेछ। यसका लागि गाउंहरुमा खानेपानी, स्वास्थ्य, शिक्षा, ग्रामीण यातायात, ग्रामीण विद्युत सेवा जस्ता आधारभूत सुविधा पु-याउने दिशामा ठोस कदम चालिनेछ। यसैगरी न्यायोचित भूमिसुधार, सिंचाई विस्तार, कृषि सामग्री र ऋणको आपूर्ति, विभिन्न भौतिक पूर्वाधारहरुमा हुने लगानीमा वृद्धि, साना र मझौला घरेलु उद्योगमा व्यापक विस्तार तथा निर्यात-आयातमा क्रमिक सन्तुलन कायम गर्ने र रोजगारीमा वृद्धि गर्ने नीतिमा जोड दिइनेछ।

३. मुलुकको अर्थतन्त्रमा हाल देखापरेका विकृति, विचलन र चुनौतिहरुलाई गम्भीरतापूर्वक मनन गर्दै मेरो सरकारले समग्र आर्थिक स्थायित्व, दिगो आर्थिक वृद्धि र वित्तीय सन्तुलनमा जोड दिनेछ। राजस्व संकलनलाई बढी व्यापक र प्रभावकारी तुल्याइनेछ। आर्थिक अनियमिततालाई कडाइका साथ नियन्त्रण गरिनेछ। सरकारी खर्चमा अनुशासन र पारदर्शिता कायम गरिनेछ। राजस्व र व्ययको व्यावहारिक अनुमानको 'परिप्रेक्षमा बजेटघाटामा कडा नियन्त्रण गरिनेछ।

४. मेरो सरकारले लगानी नीतिलाई राजनीतिभन्दा माथि राखी लागत र फाइदाको तुलनात्मक अध्ययनको आधारमा लागू गर्नेछ। विना अध्ययन र तयारीका योजनाहरुमा सीमित साधन छर्ने प्रवृत्तिलाई दुरुत्साहित गरी सरकारी लगानीलाई दिगो र धान्न सकिने आयोजनाहरुमा प्रवाहित गरिनेछ।

५. मेरो सरकारले जिल्ला तथा गाउं विकास समिति लगायत विभिन्न जनप्रतिनिधिमूलक स्थानीय निकायहरुलाई बढी अधिकार, साधन, जिम्मेवारी तथा प्राविधिक सहयोगको समग्र प्याकेज उपलब्ध गराउँदै ग्रामीण स्वावलम्बन, स्वशासन र विकासको नयां लहर प्रारंभ गर्नेछ। यस अन्तर्गत ग्रामीण स्तरमा कार्यरत विभिन्न सरकारी कर्मचारीहरुलाई गाउं विकास समितिप्रति बढी जिम्मेवार गराउँदै कर्मचारीहरुको कार्य सम्पादन र मूल्याङ्कनमा समेत जनप्रतिनिधिहरुलाई सहभागी गराउने नयां परिपाटिको थालनी गरिनेछ। यो नयां अभियानद्वारा ग्रामीण तहमा योजना तर्जुमा, कार्यान्वयन, लेखा प्रणाली, तालिम र अनुगमनको संस्थागत विकास गर्दै ग्रामीण जनताको आधारभूत आवश्यकता परिपूर्ति गर्ने दिशातर्फ मेरो सरकार अग्रसर रहनेछ।



६. मेरो सरकारले खुला, उदार एवं पारदर्शी औद्योगिक नीति अवलम्वनगरी मुलुकमा औद्योगीकरणको प्रयासमा निजी क्षेत्रलाई प्रोत्साहन गर्नुका साथै वैदेशिक लगानीलाई आकर्षित गर्दै लैजानेछ। औद्योगिक विकासको क्रममा प्रतिस्पर्धा, कार्यकुशलता र उत्कृष्टतालाई प्रोत्साहन दिइनेछ। यसै गरी राष्ट्रिय आवश्यकता र सामाजिक न्यायका आधारमा निजीकरण संबन्धी कार्यक्रमलाई खुला र पारदर्शी ढंगबाट अगाडि बढाइनेछ। यस्तो नीति अवलम्बन गर्दा श्रमिकहरुको हक, हित र कल्याणको समेत व्यवस्था मिलाइनेछ।

७. पर्यटन व्यवसायलाई नीजि क्षेत्रको समेत सहभागिता र सक्रियतामा प्रवर्द्धन एव विस्तार गर्दै लगिनेछ। यसबाट हुने फाइदा देशका विभिन्न क्षेत्रमा पु-याउने नीति अपनाइने छ।

८. वर्तमान समयमा चालु खातामा देखिएको बढ्दो व्यापार असन्तुलनमा सुधार ल्याउन निर्यात वृद्धिमा विशेष जोड दिइनुका साथै खुला आयात नीतिको दुरुपयोग गरी देशको दुर्लभ विदेशी मुद्राको अपचलन गर्ने प्रवृत्तिमा रोक लगाइनेछ। उत्पादन वृद्धि, उपयुक्त आयात नीति र न्यायोचित वितरण प्रणालीको विकास गरी सर्वसाधारण जनताका आवश्यकताका वस्तुहरु सुलभ रुपमा उपलब्ध गराउन जोड दिइनेछ। मूल्य नियन्त्रणका लागि प्रभावकारी कदमहरु अपनाइनेछ। पहाडी तथा दुर्गम क्षेत्रमा खाद्यान्न आपूर्तिको व्यवस्था मिलाउँदै लगिनेछ।

९. यातायातको क्षेत्रमा राजमार्ग तथा सहायक मार्गहरुको मर्मत संभार, अधुरा रहेका आयोजनाहरु र सडक यातायातको सुविधाबाट हालसम्म पनि वन्चित रहेका पहाडी जिल्लाहरुको आवश्यकतालाई प्रमुख रुपमा ध्यान दिइनेछ। यसका साथै तराई क्षेत्रको हुलाकी सडक निर्माण तथा सुधार र ग्रामीण यातायात सुविधाको विस्तार गरिनेछ।

१०. जलस्रोत विकासका क्षेत्रमा मेरो सरकारले राष्ट्रिय हक र हितलाई ध्यानमा राखी आन्तरिक स्रोतका साथै वैदेशिक सहयोग समेत परिचालन गर्ने नीति लिनेछ। मुलुकको औद्योगिक विकास तथा गार्हस्थ्य उपभोग लगायत दिगो आर्थिक विकासका आवश्यकता पूरा गर्न मुलुकमा उपलब्ध जलसंपदाको अधिकाधिक उपयोग गरी विद्युत उत्पादन गर्न विभिन्न कार्यक्रमहरुको पहिचान र संचालन गर्दै लगिनेछ। अरुण तेस्रो आयोजना रद्द हुनुबाट उर्जाक्षेत्रमा आएको अनिश्चिततालाई हटाउन अविलम्ब

अल्पकालीन र दीर्घकालीन कार्यक्रम ल्याइनेछ ।

११. नेपाली अर्थतन्त्रको मेरुदण्ड कृषि हो। कृषि उत्पादन बढाउन कृषकहरुलाई कृषि ऋण, सामग्री तथा उपकरण समयमै उपलब्ध गराउने व्यवस्था गरिनेछ। कृषि क्षेत्रको व्यावसायीकरण र बजार प्रणालीमा आधुनिकीकरण गरिनेछ। कृषकहरुकै सहभागिता र नियन्त्रणमा सहकारी अभियानलाई प्रोत्साहित गरिनेछ। बिभिन्न तहका प्रविधिज्ञहरुको कृषकहरुसंगको प्रत्यक्ष संपर्क निरन्तर रुपमा कायम राख्न आवश्यक व्यवस्था मिलाईनेछ । कृषि क्षेत्रको विकासको लागि साना सिंचाइ कार्यक्रमलाई विस्तार गर्न बैङ्किङ्ग क्षेत्रबाट सामूहिक सिंचाइ ऋण उपलब्ध गराइनेछ। यसका लागि बैंकहरुलाई आवश्यक आर्थिक अनुदान उपलब्ध गराइनेछ । सरकारीस्तरबाट पूरा भएका साना सिंचाइ योजनाहरुको स्वामित्व कृषक समूहहरुलाई हस्तान्तरण गर्ने नीति लिइनेछ ।

कृषि उत्पादन वृद्धि गर्ने, समतामूलक आर्थिक संरचना खडा गर्ने, गरीब तथा पिछडिएका समूहको उत्थान गर्ने, ग्रामीण पूंजीलाई ग्रामीण उद्योगमा प्रवाहित गर्ने, भूमिहीन किसान, सुकुम्बासी र कमैयाको समस्या समाधान गर्ने र बढी मेहनत गर्नेले बढी लाभ पाउने आर्थिक संरचनाको सिर्जना गर्न भूमिसुधार कार्यक्रमको तर्जुमा गरिनेछ। बिपन्न वर्गका लागि साधन प्रवाहमा वृद्धि गर्न ग्रामीण विकास बैंकलाई अझ साधन सम्पन्न गराई क्षेत्रगत रुपमा विस्तार गरिनेछ। यस्ता बैंकहरुको स्वामित्व क्रमश: बिपन्न वर्गमा हस्तान्तरण गरिनेछ ।

१२. मेरो सरकारले वन तथा भू-संरक्षण संबन्धी कार्यक्रमहरु संचालन गर्दा जनताका दैनिक आवश्यकताको संतुलित परिपूर्ति, वातावरणीय संरक्षण र वन संपदाको दिगो उपयोगलाई प्राथमिकता दिने छ। यस्ता कार्यक्रमहरुको पहिचान र संचालनमा समेत स्थानीय निकाय तथा जनताको सहभागितामा जोड दिइनेछ ।

१३. काठमाडौं उपत्यका लगायत अन्य शहरी क्षेत्रमा खानेपानी आपूर्तिको समस्या हल गर्न अल्पकालीन र दीर्घकालीन कार्यक्रमहरु सञ्चालन गरिनेछ। ग्रामीण बस्ती विकास र शहरी विकासको कार्यक्रमलाई अधिराज्यका विभिन्न भागमा लागू गरिनेछ। नगर विकास समितिहरुलाई शहरी विकास कार्यक्रम संचालन गर्न बैंकिंग क्षेत्रबाट ऋण उपलव्ध गराउने व्यवस्था गरिनेछ। काठमाडौं उपत्यकामा बढ्दै गएको प्रदूषण र बसोबासको अव्यवस्था हटाउन मेरो सरकारले एक ठोस कार्यक्रम



ल्याउनेछ। धार्मिक महत्वका वागमती र विष्णुमती जस्ता नदीहरुमा स्वच्छता ल्याउन विशेष कार्यक्रम संचालन गरिनेछ ।

१४. मेरो सरकारले मुलुकको दिगो आर्थिक एवं औद्योगिक विकासको आवश्यकतालाई टेवा पुग्न सक्ने गरी शैक्षिक कार्यक्रमहरु संचालन गर्नेछ। उच्च शिक्षाको संरचनामा प्रशासनिक, शैक्षिक र आर्थिक विकेन्द्रीकरण गरी शिक्षण संस्थालाई आफ्नो क्षमता र उत्कृष्टताको विकास गर्ने अवसर प्रदान गर्न उपयुक्त नीति अपनाइनेछ। शिक्षाको गुणस्तरमा सुधार ल्याई शैक्षिक वातावरण एवं शिक्षण संस्थामा स्वच्छता र नियमितता ल्याउन थप कार्यहरु गर्दै लगिनेछ। साक्षरता कार्यक्रमलाई व्यापक गरिनेछ। महिला शिक्षामा व्यापकता ल्याउन निश्चित प्रतिशतभन्दा बढी छात्राहरु भएका विद्यालयहरुलाई थप अनुदानको व्यवस्था गरिनेछ ।

बहुसांस्कृतिक र बहुभाषिक चरित्र हाम्रो राष्ट्रको विशेषता भएकाले यसको संरक्षण गर्दै सबै जाति र समुदायको भाषा,साहित्य, कला एवं संस्कृतिका साथै विज्ञान तथा प्रविधि र खेलकूदको उत्थानमा विशेष जोड दिइनेछ ।

१५. मेरो सरकारले जनतालाई स्तरीय, दिगो र भरपर्दो आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउदै जाने क्रममा स्वास्थ्य तथा परिवार नियोजन संबन्धी प्रभावकारी कार्यक्रमहरु ग्रामीण स्तरसम्म संचालन गर्दै जानेछ। आधुनिक चिकित्सा प्रणालीका साथै आयुर्वेदिक तथा परंपरागत चिकित्सा प्रणालीको विकास र विस्तार गर्नमा ध्यान पुऱ्याइने छ। औषधिको उत्पादन, संचय र वितरण प्रणालीको सुधारमा प्रभावकारिता ल्याइनेछ ।

१६. मेरो सरकारले सरकारी संचार माध्यमहरुलाई स्वतन्त्र, निष्पक्ष र भरपर्दो राष्ट्रिय संचार प्रणालीको रुपमा विकास गर्ने र संचार क्षेत्रको विकासमा निजी क्षेत्रको सहभागितालाई प्रोत्साहित गर्नेछ । राज्यको चौथो अंगको रुपमा प्रेसको मर्यादा, स्वतन्त्रता र संस्थागत विकास गर्दै जाने नीति लिइनेछ। दूरसंचारसेवालाई विस्तार गरी दुर्गम क्षेत्रहरुमा समेत उपलब्ध गराइनेछ ।

१७. मेरो सरकारले बेरोजगारीको समस्या समाधानमा विशेष जोड दिनेछ। यस क्रममा माध्यमिक तह पास गरेका युवाहरुका लागि निर्माण र सेवा उद्योगमा प्रयोग हुने सीप विकास गर्न अल्पकालीन तालिमको विशेष योजना संचालन गरिनेछ। यस्ता तालिम प्राप्त व्यक्तिहरुलाई अधिराज्यका विभिन्न साना ठूला विकास आयोजनामा